मिति २०७७/३/२५ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ८३/२०७७ का निर्णयहरूः-

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/४२/२८९-२०७७/३/२५ को "औषधी उपचार खर्च भुक्तानी " सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम हुने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/४३/२९०-२०७७/३/२५ को "थप बजेट निकासा दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५५/२९१-२०७७/३/२५ को "सिमा नाकाबाट भित्रिने नागरिकहरुको उद्दार तथा आवश्यक व्यवस्थापनको लागि थप बजेट निकासा" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रचलित कानून बमोजिमको विधि र प्रकृया अवलम्बन सहित दोहोरो नपर्ने गरी खर्च व्यवस्थापन गर्ने शर्तमा सामाजिक विकास मन्त्रालयले प्रस्तावमा लेखिए बमोजिमको रकम **सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (COVID-19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष**सँग माग गर्ने ।"

४. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५६/२९२-२०७७/३/२५ को "कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोगको पहिचान, रोकथाम, नियन्त्रण, उपचार व्यवस्थापनमा संलग्न जनशक्तिहरुका लागि जोखिम भत्ता व्यवस्थापन" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १९६३, मिति २०७७/३/२४ को राय सहमति उपलब्ध गराएको पत्रको शर्तहरुको पालना तथा नेपाल सरकारबाट स्वीकृत **कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,** २०७७ बमोजिम गर्ने शर्तमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको वास्तविक पहिचान, खटिएको समयावधि समेतको व्यहोरा पछिसम्म फरक नपर्ने र आर्थिक अनुशासन कायम गर्ने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. मिति २०७६/१२/११ गतेका दिन लकडाउनको कारण सीमा नाकामा रोकिएका यात्रुहरुलाई प्रदेशभित्रका विभिन्न ठाउँहरुमा पुऱ्याउँदाको यातु भाडा बापतको रकम धनगढी उप-महानगरपालिका, धनगढी, कैलालीको मागका सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको विषयमा देहाय बमोजिम गर्नेः-
"प्रचलित कानून बमोजिमको विधि र प्रकृया अवलम्बन सहित दोहोरो नपर्ने गरी खर्च व्यवस्थापन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयले रु. १,८२,१८५/-( एक लाख बयासी हजार एकसय पचासी रुपैयाँ ) शसर्त अनुदानको रुपमा धनगढी उपमहानगरपालिकाको कार्यालय धनगढी, कैलालीलाई उपलब्ध गराउने ।"

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली २०७४

२०७७/३/२५

प्रमुख सचिव